## आ.व. २०८०/८१ को आठौं कार्यपालिका बैठक

आज मिति २०८०।०९।२६ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश बिष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो ।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका । |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चन्द्र बहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पार्वती सुनेदी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चम्पा भुसाल, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रण बहादुर पुजाली मार्की, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका । |

सदस्य सचिव श्री नेव बहादुर वली, राप्ती गाउँपालिका ।

### आमन्त्रित

श्री जीवराज पौडेल पशु विकास अधिकृत

श्री धन प्रसाद शर्मा लेखा अधिकृत

श्री विश्वास विक, शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )

श्री बालचन्द्र गुरुङ, सूचना प्रविधि अधिकृत

## मिति २०८०।०९।२६ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१-** स्थानीय तह संस्थागत क्षमता मुल्याङ्कन कार्यविधि, २०७७ संसोधन सहित को दफा ६ बमोजिम दफा ४ अनुसारको स्वमुल्याङकन प्रक्रिया दफा ६ को उपदफा २ बमोजिम अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई आधार मानी प्रत्येक आर्थिक वर्षको पौष मसान्तसम्म सम्पन्न गरी सक्नुपर्ने भएकाले यस राप्ती गाउँपालिकाको कार्यपालिका समक्ष पेश भई छलफल र विश्लेषण पश्चात तपसिल अनुसारका विषय सुचकहरुमा तपसिल अनुसारको अंकभार निर्धारण गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**तपसिलः**

| सि.नं. | विषय सूचक | | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | | ९ | ८.५ |
| २ | संगठन तथा प्रशासन | | ८ | ८ |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | | ११ | ११ |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | | ११ | ११ |
| ५ | सेवा प्रवाह | | १६ | १६ |
| ६ | न्यायिक कार्य सम्पादन | | ७ | ६ |
| ७ | भौतिक पूर्वाधार | | १३ | १० |
| ८ | सामाजिक समावेशीकरण | | १० | १० |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | | ९ | ७.५ |
| १० | सहकार्य र समन्वयन | | ६ | ५ |
| | जम्मा | अंकमा | १०० | ९३ |
| | | अक्षरमा | एक सय । | तिरानब्बे । |

**निर्णय नं.२–** राप्ती गाउँपालिकाको कार्यपालिकाले मिति २०८०।०८।१९ गरेको निर्णयमा देहाय बमोजिम संसोधन गरी देहाय बमोजिम कायम गर्ने ।

- राप्ती गाउँपालिका क्षेत्रभित्र घडेरीको न्यूनतम क्षेत्रफल १२ धुर र मोहडा १० मिटर कायम गर्ने ।
- राप्ती गापा क्षेत्रभित्रको सडकको चौडाई न्यूनतम ८ मिटर कायम गर्ने ।

**निर्णय नं.३ -** भुउपयोग नियमावली २०८० को नियम ४ को उपनियम (४क), (४ख), (४ ग), (४घ) मा उल्लेखित नियमावली बमोजिम गर्ने ।

(क) आवास तथा कार्यालय भवन प्रयोजनको लागि बाहेक विकास निर्माण प्रयोजनका लागि लागत कट्टा गरी नेपाल सरकार, आयोजना वा सार्वजनिक संस्थाको नाममा कायम गर्दा,

(ख) सम्बन्धित स्थानीय तहले निर्धारण गरेको मापदण्डको आधारमा सडक तथा बाटो कायम गरी स्थानीय तहको सिफारिस बमोजिम नेपाल सरकारको कायम गर्दा,

(ग) साविक देखि नै भोगचलन गरिआएको जग्गा भोगचलन बमोजिम नाप जाँच गरी प्रचलित कानुन बमोजिम कित्ता कायम गर्दा,

(घ) अंशबण्डा वा अंश भरपाई वा मोही र जग्गाधनीबीच जग्गाको बाँडफाँड गर्दा

**निर्णय नं. ४** – राप्ती गाउँपालिका क्षेत्रभित्र अंशवण्डाको हकमा एक कित्ताबाट एक अंशियारले एक वर्षमा १ मात्र कित्ताकाँट गर्न पाउने व्यवस्था गर्ने ।

**निर्णय नं. ५** – राप्ती गाउँपालिका र निर्माण व्यवसायी श्री केशव शाहा कन्स्ट्रक्सन सेवा प्रालि बैजनाथ ४ बाँके बिच मिति २०७९।०३।२० मा पिपरी खोला पुलको निर्माण कार्य (Contract No. RRM/NCB/Bridge/W/28/2078/79) को लागि मिति २०८०।०६।०५ मा सम्पन्न गर्ने गरी रु ३२९३३३१३।७६ (भ्याट समेत) मा सम्झौता भएकोमा यस आर्थिक वर्षमा असोज सम्म धेरै वर्षा भएकोले बाढी र पानीको बहाब अत्याधिक भएको कारणले River Training and Protection Work र Protection Approach Road जस्ता कार्यहरु निर्धारित समयमा सम्पन्न हुन नसक्ने भनी म्याद थपको लागि २०८०।०६।०४ मा निर्माण व्यवसायीबाट अनुरोध भई आए अनुसार सो अवधिलाई खाम्ने ग्लोवल आईएमई बैङ्कद्वारा यस पालिकाको नाममा जारी गरिएको 9 July 2025 सम्मको PBG र 4 April 2024 सम्मको APG समेत पेश भएकोले पेश भए अनुसार मिति २०८१।०१।३० सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

लोक बहादुर दली
प्रमुख प्रशासकीय अधिकृत